**Kageshwori Manahara PABSON, Kathmandu**

**PRE-BLE EXAMINATION-2079**

**2079 Falgun 5, Friday**

कक्षा: ८ | पूर्णाङ्क ७५
विषय: नेपाली | समय: २: १५ मिनेट

परीक्षार्थीले प्रश्नोत्तर लेख्ता घोकेको, कण्ठ गरेको वा पाठ्यपुस्तकबाट दुरुस्त सारेको जस्तो नभई मौलिक र सिर्जनात्मक उत्तर लेख्नु पर्ने छ। अङ्क प्रदान गर्दा त्यस्ता उत्तरलाई प्रोत्साहन गरिने छ।

१. समूह ' क ' मा दिइएको शब्दहरूको अर्थ समूह ' ख ' बाट पहिचान गरी उत्तर पुस्तिकामा लेख्नुहोस् । (३)

| | |
|---|---|
| विचित्र | निर्धन |
| गरिब | अनौठो |
| बर्कत | न्युटनको प्रसिद्ध किताब |
| प्रिन्सिपिया | ज्यादै गहिरो |
| निर्जीव | क्षमता |
| प्रगाढ | प्राण नभएको |
| | मजदुर |
| | दोष |

२. खाली ठाउँमा कोष्ठकबाट उपयुक्त शब्द छानेर लेख्नुहोस् । (३)

(क) ...............अनेकार्थी शब्द हो। (चिठी , पत्र , किताब )

(ख) 'कोसिस' को पर्यायवाची शब्द ..............हो ।( कर्म , जग , प्रयास )

(ग) ' चोर ' को विपरीतार्थी शब्द ................ हो । (साधु , डाँका , ठग )

(घ) ' काल ' शब्दको अर्थ ............. होइन। (समय , मृत्यु , विकराल )

(ङ) ................अनेकार्थी शब्द हो ।(खाँचो , झुटो , साँचो )

(च) ' चाड ' को समावेश्य शब्द ...............हो । (मेला , उत्सव , तिहार )

३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् । (४)

बाँदरको हातमा नरिवल , मुसुक्क , त , संविधान

४. (क) तल दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् । (२)

गुरुले भन्नु भयो , पानि जीवनदायिनी स्रोत भएकाले यसलाई प्रदूसण हुन् बाट रोक्नुपर्छ ।

(ख) तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी उत्तरपुस्तिकामा लेख्नुहोस् । (२)

| | | | |
|---|---|---|---|
| (अ) मस्तिश्क | मस्तिष्क। | मश्तिस्क | मसतीष्क |
| (आ) अन्तरिक्ष | अनतरिक्ष्य | अन्तरीक्ष | अंतरिक्ष |
| (इ) अविवेकी | अविबेकि | अबिवेकी | अबिबेकी |
| (ई) पन्चामृत | पचामृत | पंचामृत | पञ्चामृत |

५. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् । (३)

भाइले मसँग धैरै कुरा सिकेको थियो तापनि ऊ परीक्षामा सफल भएन ।

६. तल दिइएको वाक्य पढी रेखाङ्कित् शब्दहरूको कारक छुट्याउनुहोस् । (१)

रुखबाट खसेको स्याउ भुइँमा झरेर फुट्यो ।

७. कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् । (३)

(क) हिजो पानी ...........। (पर्: अज्ञात भूत )

(ख) दाइ हिजै घर ........... । (आउ: पूर्ण वर्तमान )

(ग) बुबाको कुरा सुनेर सबै ............ । (हाँस: पूर्ण भूत )

(घ) म सबै विषय राम्ररी ............. । ( पढ्: इच्छार्थक )

(ङ) फागुपूर्णिमामा सबै जना जम्मा ............ । (हु: सम्भावनार्थ )

(च) ऊ विद्वान् व्यक्ति .............. । (बन्: सामान्य भविष्यत् )

८. कोष्ठकमा दिइएको निर्देशनअनुसार वाक्य परिवर्तन गर्नुहोस् ।(४)

(क) वीरहरू देशका लागि लड्छन् । (स्त्रीलिङ्ग)

(ख) तिमी सहर जानेछौ । (उच्च आदर)

(ग) आफू त मुस्ताङ घुम्न गइन्छ । ( कर्तृवाच्य )

(घ) बादल नलागे पानी पर्दैन । (करण )

९. सम्भावनार्थक क्रियाको प्रयोग गरी चार वाक्यमा आफ्नो भाइको पढाइको बारेमा वर्णन गर्नुहोस् । (४)

१०. दिइएको गधांश पढी सोधिएका प्रश्नहरुको छोटो उत्तर दिनुहोस् ।(५)

‘जसरी बिहानीले दिनको सङ्केत गर्दछ ‘ त्यसरी नै हर्क गुरुङ सानैदेखि लगनशील , इमानदार र अनुशासित थिए । उनी आफ्ना साथीहरू र गुरुहरुका माझ असाध्यै प्रिय थिए । सानैदेखि आफ्नो गाउँघरमा भएका वनपाखा , नागबेली परेका पहाडहरू र त्यहाँ रमाउने चराचुरुङ्गीको आवाजलाई सुनेर लोभिन्थे । बाल्यकालदेखि नै यही प्राकृतिक वातावरण उनको मनलाई मोहित पारेको थियो । त्यसैले भूगोल विषयको अध्ययन गर्ने र देशको भूगोलको नक्सा कोर्ने अभिलाषा उनको मनमा सजीव भएर आयो ।

प्रश्नहरू

(क) हर्क गुरुङ कस्ता प्रकृतिका थिए ?

(ख) गुरुङको बाल्यकाल कसरी बितेको थियो ?

(ग) हर्क गुरुङको मन केके मा लोभिन्थ्यो ?

(घ) गुरुङको अभिलाषा कस्तो थियो ?

(ङ) ‘ मिलनसार ‘ र ‘ मोहित ‘ शब्दको अर्थ लेख्नुहोस् ।

११. तलको गधांशबाट चारवटा बुँदा टिपी सारांश लेख्नुहोस् ।(२+३ = ५)

लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका महाकवि हुन् । महाकवि देवकोटा नेपाली साहित्यमा स्वच्छन्दतावादी धाराका प्रवर्तक कवि हुन् । उनको मृत्युपछि पनि यो धारा चलिरहयो । उनी बाचुन्जेल उनले नै यस धाराका अग्रणी भूमिका निर्वाह गरे । उनले आधुनिक नेपाली कविताको दोस्रो चरणमा स्वच्छन्दतावादी धाराको प्रवर्तन र संवर्धन गरे अनि नेपाली कविताको स्वच्छन्दतावादी धाराको पच्चीस वर्षे (वि. सं १९९१ – २०१६) युगको नेतृत्व पनि गरे । यस अवधिमा उनले कविताका क्षेत्रमा छ सय जति फुटकर कविताका साथै मुनामदन , लुनी , कुन्जिनी , मायाविनी सर्सी र मैया जस्ता डेढ दर्जनभन्दा बढी खण्डकाव्य र शाकुन्तल , सुलोचना , महाराणा प्रताप , वन कुसुम , प्रमिथस र पृथ्वीराज चौहान जस्ता आधा दर्जन महाकाव्यको रचना गरे । नेपाली भाषाका सर्वोत्कृष्ट कविका रुपमा उनी प्रख्यात छन् । अनेकौँ महाकाव्य लेखेकाले र महान् कवि पनि भएकाले देवकोटा महाकविका रुपमा सम्मानित छन ।

१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । (४)

(क) तल दिइएका बुँदाहरुको आधारमा कथा लेखी सुहाउँदो शीर्षक पनि दिनुहोस् ।

कुनै गाउँमा एउटा ठूलो जङ्गल हुनु ...........काग र कोइली त्यही जङ्गलमा बस्नु........दुवैको राम्रो मित्रता हुनु ..........एकदिन दुवै काठमाडौँ घुम्न निस्कनु ........ हिँड्दा हिँड्दै गोदावरी पुग्नु .......... स्याल काकासँग भेट हुनु ........ साँझ सबै जङ्गली जनावर जम्मा भएर स्याल काकाकहाँ रमाइलो कार्यक्रम गर्नु...........सबैले आआफ्नो प्रतिभा देखाउनु ...... काग र कोइली गीत गाउनु........ कागको स्वर कसैलाई पनि मन नपर्नु............ सबैले कोइलीको प्रशंसा गर्नु........... कागलाई कसैले वास्ता नगरेकोमा रिस उठ्नु ........... ऊ खुरुखुरु आफ्नो बाटो लाग्नु........स्याल र कोइलीले कागलाई सम्झाउनु र नरिसाउन अनुरोध गर्नु .......कागले भने अनुसार मान्नु ....... सबै मिलेर बस्ने वाचा गर्नु ।

अथवा

(ख) ‘विज्ञान अभिशाप नभइ वरदान हो ‘ भन्ने विषयमा विपक्षको भनाइ खण्डन गर्दै पक्षको तर्फबाट आफ्नो गहकिलो भनाइ प्रस्तुत गर्नुहोस् ।

१३. तलका मध्ये कुनै एक प्रश्नको भाव विस्तार गर्नुहोस् ।(४)

(क) सारङ्गीको स्वरहरु सङ्गीत फेर्ने गर

आफू हेर्ने आँखाहरू देश हेर्ने गर ।

(ख) अब श्रम र जमिनको सम्बन्ध हाम्रो भाग्यसित जोड्ने कुरा गर्नुपर्छ र आफ्नो भाग्य आफैँ लेख्नुपर्छ ।

१४. तलका मध्ये कुनै दुई प्रश्नहरुको सङ्क्षिप्त उत्तर दिनुहोस् । (८)

(क) 'हामी एउटै हौँ ' एकाङ्कीमा परिचय खेलका माध्यमबाट मानिसको चिनारी कसरी देखाइएको छ ?

(ख) 'आह्वान ' कवितामा कविले भोलिको नेपालको सुन्दर चित्र कसरी उतारेका छन् ? लेख्नुहोस् ।

(ग) रवीन्द्रनाथको कृतिका माध्यमबाट पाइने मुख्य सन्देश केके हुन् ?

१५. यदि तपाईं 'मित्रता' कथाको द्रोण हुनुभएको भए सपरिवार द्रुपद राजाबाट अपमानित हुँदा के गर्नुहुन्थ्यो ? तर्कसहित उत्तर दिनुहोस् । (४)

१६. तलकामध्ये कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् । (८)

(क) देवकुमारी थापाले शिक्षा, साहित्य र स्वास्थ्य क्षेत्रमा दिएको योगदानको बारेमा लेख्नुहोस् ।

(ख) चित्रकलाको विकासमा ग्रन्थचित्रको के कस्तो भूमिका रहेको छ? विवेचना गर्नुहोस् ।

१७. तलकामध्ये कुनै एक शीर्षकमा एक सय पचास शब्द नघटाइकन निबन्ध लेख्नुहोस् । (८)

(क) हिमाल

(ख) नेपालमा जैविक समस्या

(ग) मेरो देश: मेरो सर्वस्व